# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, भदौ २३ गते २०५४ साल (संख्या २२

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

सामयिक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४७, अतिरिक्ताङ्क १८ मिति २०५४।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारबाट मालपोत कार्यालय, सोलुखुम्बुको भवन निर्माण गर्न सोलुखुम्बु जिल्ला सल्लेरी गाउँ विकास समिति वडा नं. ७ बस्ने श्री तुलसीनारायण श्रेष्ठले निःशुल्क राजीनामा लिखत पारित गरी दिएको साविक कि. नं. ११४८ मध्ये कायम हुन आएको कि. नं. १२०४ को १–८–०–० रोपनी (०.०७६३ व.मि.) को लिखतमा लागेको रजिष्ट्रेशन दस्तुर रू. ५,२५०।– (पाँचहजार दुईसय पचास) छूट दिने निर्णय भएकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

956

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

युवा, खेलकूद तथा संस्कृति मन्त्रालयका का. मु. सचिव श्री वरुणप्रसाद श्रेष्ठ लाओस र भियतनामको अवलोकन भ्रमणमा जानुभएकोले उहाँ फर्की हाजिर नभए-सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयको विशेष सचिव श्री श्रीकृष्ण गौतमलाई मिति २०५४।५।४ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

परराष्ट्र मन्त्रालयका सचिव श्री कुमार ज्ञवाली भारतको राजधानी नयाँ दिल्लीमा परराष्ट्र सचिव स्तरीय वार्तामा भाग लिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री नारायण सम्शेर थापालाई मिति २०५४।५।३ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

सूचना तथा संचार मन्त्रालयका सचिव श्री सुशीलकान्त झा ग्लोवल मोवाइल पर्सनल कम्युनिकेशन सेटलाइट र विश्व दूरसंचार विकास कन्फरेन्समा भाग लिन फिलिपिन्सको राजधानी मनिलातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री ढुण्डिराज खनाललाई मिति २०५४।५।१ देखि कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९५८